नयाँ युगबोध
National Daily
सम्पादकीय

# प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख अहिलेको उत्तम विकल्प

मुलुकको सर्वोच्च पद राष्ट्रपतिका लागि फागुन २५ गते हुने निर्वाचनले राजनीतिक माहोल एकाएक तातिएको छ । निर्वाचनको दौरानमा वर्तमान सत्तारूढ गठबन्धनमा विभाजन देखिनुका साथै निर्वाचन अगाडिको गठबन्धन बन्ने–ब्यूँतिने अभ्यास शुरू खेल भइरहेको छ । राप्रपाको राष्ट्रपति निर्वाचनप्रति नै अरूचि छ र ऊ खुलेर राजतन्त्र पुनर्स्थापनाको पक्षमा छ । राप्रपा सरकारबाट समेत बाहिरिसकेको छ । सत्तारूढ अर्को घटक रास्वपा अनिर्णित छ । यसरी राष्ट्रपति निर्वाचनमा कांग्रेस–माओवादीसहितको आठ दलको एउटा ध्रुव बनेको छ भने अर्कोतर्फ अहिलेसम्म एमाले एक्लै उभिएको छ । कांग्रेसका रामचन्द्र पौडेल र एमालेका सुवासचन्द्र नेम्वाङ दुबै उम्मेदवार नेपाली राजनीतिमा आफ्नो पहिचान बनाएका इमानदार र प्रभावशाली पात्र मानिन्छन् । फागुन २५ सम्म कुनै आकस्मिक वा चमत्कारिक घटना नभए कांग्रेस उम्मेदवार पौडेलको पल्ला भारी देखिएको छ । राष्ट्रपति निर्वाचनले अहिलेको सत्तारूढ गठबन्धनमा फाटो आउने र फेरि राजनीतिक अस्थिरताको श्रृंखला अटुटरूपमा जारी रहने सम्भावना नै बढी देखिएको छ ।

नेपालको संविधानले आलंकारिक वा संवैधानिक राष्ट्रपतिको परिकल्पना गरेको छ । जसअनुसार राष्ट्रपति देशको राष्ट्राध्यक्ष हुने र मुलुकको कार्यकारी अधिकार संसदबाट निर्वाचित प्रधानमन्त्रीमा रहने व्यवस्था गरिएको छ । तर अभ्यासका क्रममा आलंकारिक राष्ट्रपतिले प्रधानमन्त्री वा मन्त्रिपरिषद्का निर्णयहरू स्वीकार नगरेको वा त्यसलाई उल्ट्याउने भूमिका खेलेकोले गणतन्त्रको प्रतीक मानिने राष्ट्रपतिका विरूद्ध सडकमा नारावाजीसमेत हुँदै आएको छ । अहिलेसम्मका दुबैजना राष्ट्रपति डा. रामवरण यादव र विद्यादेवी भण्डारीको कार्यकाल विवादमुक्त रहेन । राष्ट्रपति जस्तो महत्वपूर्ण संस्थालाई दलहरूले आ–आफ्नो स्वार्थ अनुरूप चलाउन खोज्दा आलंकारिक राष्ट्रपति सक्रिय भूमिकामा देखिएको अनुभूति जनस्तरमा समेत गरियो । यसमा राजनीतिक दलहरूका आफ्ना हठ वा अर्घेल्याइँ होलान् तर मुलुकको सर्वोच्च संस्था विवादमा आउने परिस्थिति निर्माण हुनु राम्रो होइन ।

अहिले पनि दलहरूलाई आ–आफ्नो अनुकूलको राष्ट्रपति चाहिएकोले यसमा यति धेरै विवाद र वहस भइरहेको छ । संविधानको पालना र त्यसको रक्षा गर्ने महत्वपूर्ण जिम्मेवारी बोकेको संस्थालाई आफू अनुकूल चलाउने मनसुवा राख्नु गलत चिन्तन हो । त्यसकै कारण राष्ट्रपतिजस्तो महत्वपूर्ण संस्थालाई पटक–पटक विवादमा ल्याउने काम भइरहेको छ । अब राजनीतिक दलहरूको चाहना राष्ट्रपतिलाई सक्रिय बनाउने नै हो भने कार्यकारी अधिकारसहितको सर्वाधिकारसम्पन्न राष्ट्रपति सिधै जनताबाट निर्वाचित हुने गरी नयाँ संवैधानिक व्यवस्था गर्नेतर्फ लाग्नुपर्छ । अहिलेको संवैधानिक व्यवस्था र निर्वाचन प्रणाली अनुसार कुनै एउटा दलले बहुमत प्राप्त गर्ने र मुलुकलाई स्थायित्व दिने सम्भावना देखिँदैन । यो भनेको मिलीजुली सरकार बनाउने र मिल्न पनि नसक्ने वा नचाहने स्थिति हो । त्यसैले आलंकारिक राष्ट्रपतिलाई सक्रिय बनाउन खोज्नु भन्दा सिधै कार्यकारी अधिकारसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिमा जानु हरेक दृष्टिले उपयुक्त हुनेछ ।

सात सालदेखि विगत साल दशक लामो राजनीतिक अभ्यासका क्रममा धेरै प्रयोगहरू भए । ती प्रयोगहरू सफल हुन नसक्दा नै मुलुक यस्तो दुरावस्थामा आइपुगेको हो । केही सीमित प्रतिगामी तत्वहरू अहिले पनि राजा पुनर्स्थापना हुने सपना देखिरहेका छन् । सक्रिय होस् वा संवैधानिक राजतन्त्र नेपाली जनताले नभोगेका होइनन् । त्यसैले विगतलाई चटक्कै बिर्सेर मुलुकलाई पछाडि फर्काउन सम्भव हुनेछैन । विगतमा संकटकाल र निरंकुशतन्त्रको प्रयोग असफल सिद्ध भएकै हुन् । त्यसैले संघीय लोकतान्त्रिक गणतन्त्र हाम्रो मूल बाटो भइसकेको छ । अब यसमै सुधार गरेर सच्याएर अगाडि बढ्नुको विकल्प छैन । राजनीतिक दल र नेतृत्व असफल भए भने नयाँको उदय हुन्छ र नयाँ प्रणालीमा मुलुक जान्छ । त्यसैले अबको नयाँ प्रयोग जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति नै हो ।

संघीय, संसदीय प्रणाली हाम्रो मुलुकले धान्नै नसक्ने गरी खर्चिलो भइसकेको छ । संसदलाई कानुन बनाउने र मुलुकका जल्दाबल्दा समस्याहरूमाथि छलफल गर्ने महत्वपूर्ण थलोको रूपमा सीमित गर्दै सांसदहरूको संख्या संघमा १०० र प्रदेशमा २०० मा सीमित गर्न सकिन्छ । यसैगरी अहिलेसम्मको अभ्यासमा समानुपातिक प्रणाली असान्दर्भिक र औचित्यहीन भइसकेको छ । यसको सदुपयोग भन्दा दुरूपयोग धेरै भयो । त्यसैले समानुपातिक प्रतिनिधित्वलाई प्रत्यक्ष निर्वाचनमा जोड्ने गरी निर्वाचन प्रणाली परिमार्जन गर्नुपर्छ । यसो भयो भने जनस्तरबाट भइरहेको आलोचना र विरोधलाई सम्मान गरेको ठहर्ने छ । भत्ता खानका लागि मात्रै संसदमा पुगेर दस्तखत गर्दै बाहिरिने सांसदहरूको बोझ मुलुकले अब कति दिन धान्ला ?

जंगबहादुर राणाका पालादेखि नै नेपालमा षड्यन्त्र र जालझेलको राजनीति बलियो हुँदै आएको पाइन्छ । अहिले पनि राजनीति विभिन्न स्वार्थकेन्द्रित रहँदै आएको छ । पाँच वर्षमा पाँचजना प्रधानमन्त्री भए भने कुनै आश्चर्य मान्नु नपर्ने अवस्थामा मुलुक पुगेको छ । अब दलहरूले एक आपसमा गालीगलौज गरेर समय खेर फाल्नु भन्दा मुलुकलाई राजनीतिक स्थायित्व दिन जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी बन्ने प्रणाली अपनाउनुपर्छ । अहिलेसम्मका धेरै प्रयोगहरू असफल भइसकेकाले अब नयाँ प्रयोगको रूपमा यो नै अहिलेको उत्तम विकल्प हो ।

## पाठक हेराइ

# सिलाईं व्यवसाय परिमार्जनतिर

नेपालमा पहिलेदेखि सिलाइ पेशा गर्दै आएका दलित समुदायमा पर्ने दमाई जात हो । अहिले आएर नेपालमा हरेक जातजाति, वर्ण, लिंग जोसुकैले पनि सिलाइ पेशा गर्दै आएका छन् । नेपालमा दलित समुदायभित्र पर्ने दमाई जातिले धेरै बिघ्न बाधा भोग्दै आए र त्यो बिघ्न बाधाले गर्दा यो समुदायको आर्थिक, शैक्षिक उन्नति हुन सकेन । देशमा प्रजातन्त्र आएपछि खुला व्यवसाय गर्न पाइने भयो । प्रतिस्पर्धा गर्न पाइने भएकाले सिलाइ पेशा गर्ने समुदायले आफ्नो पेशालाई परिमार्जित गर्दै लगेका छन् । पहिले मान्छेले मान्छेलाई छुनु हुन्न भन्ने प्रचलन थियो । कपडा नाप्दा पनि छुइन्छ भन्ने चलनले गर्दा मान्छेलाई हेरेर कपडा सिलाउनुपर्दथ्यो । देशमा प्रजातन्त्र आएपछि सिलाई पेशा गर्ने दमाई जाति मात्र नभएर सबै जातजातिले गर्न थाले । दमाई जातिले पनि यो पेशाको मूल्यांकन गरेर आफूमा भएको सीपलाई बजारमा ल्याएर व्यावसायिकरुपमा रुपान्तरण गर्न थाले । पहिला गाउँघरमा बालीघरे प्रथा थियो । बालीघरेप्रथामा काम गर्दा सीपको मूल्य थिएन । कपडा सिलाएर अनाज ल्याउने चलन थियो । प्रजातन्त्र आएपछि यो सिलाइ पेशा गर्ने समुदायले पनि शिक्षामा जोड दिन थालेका छन् ।

शिक्षा हासिल गरेपछि आफ्नो सीपलाई कसरी अगाडि बढाउने भन्नेबारेमा नयाँ सोच आयो । बजारमा आएर पसल थापेर बस्दा सम्मान, इज्जत पनि पाइने र नगद पनि कमाइने भयो । पहिलेका व्यवसायी र अहिलेको व्यवसायीमा फरक भयो । आफ्नो परिवारको पनि समय अनुसार परिवर्तन हुँदै गएको छ । आजभोलि सिलाइ पेशाका समुदायहरु शिक्षा, स्वास्थ्य, रोजगारतिर अगाडि बढिरहेको पाइन्छ । आफ्नो हक अधिकारतिर ध्यान दिन थालेका छन् । गरेपछि सफलता पाइन्छ भन्ने विश्वास जाग्दै आएको छ ।

● **कमल परियार** (सचिव)
सिलाइ व्यवसायी संघ, दाङ

# कृषिमा राज्यको दायित्व बढाउनुपर्छ



*माटोको जाँच र उपचार गर्नुपर्दछ भन्ने चेतनाको विकास गराउन सरकारी, गैरसरकारी संस्थाहरु अनि पत्रकारहरु लागिपर्नुपर्दछ । अन्यथा कृषि उत्पादन न्यून मात्रै होइन कृषि पेशा नै नहुने अवस्था चाँडै आउनेछ । जसले गर्दा नेपाल न कृषिप्रधान देश न त औद्योगिक देश बन्नेछ । बरु बन्नेछ युवाहरु बेच्ने मुलुक ।*

**जीवन र जगत** ◆ डिल्लीबहादुर रावत

यो साल हिउँदरी गरेन । जसले गर्दा हिउँदेबाली र फलफूललाई नकारात्मक असर पुऱ्यायो । नेपालमा मनसुनमा आधारित कृषि अझै यथावत छ । त्यसैले कृषिको विकासको निम्ति प्रकृतिमै निर्भर हुनुपरेको छ । अब केही समयपछि मनसुन शुरु हुने बेला भयो । अर्थात नेपालीहरुको वर्ष दिन खाने अन्न बालीको खेती गर्ने समय शुरु हुने समय आउँदैछ । किसानहरु रासायनिक मल समयमा पाइन्छ कि पाइँदैन र मूल्य कति पर्ला भनेर चिन्तित हुने बेला भयो । कृषि सम्बन्धी न स्पष्ट सरकारी नीति छ न त प्रशस्त जनचेतना नै छ । एक त हाम्रो कृषि मनसुनमा भर पर्दछ त्यसमा पनि मल बिउको अभाव छ । प्राकृतिक प्रकोप (असिना, अतिबृष्टि, खण्डबृष्टि, सुक्खा, बाढी आदि) को कारण कृषिबाली नष्ट हुन गयो भने क्षतिपूर्ति राज्यले नदिदा कृषकको आर्थिक लगानी र शारीरिक श्रम खेर जान्छ । यस्तो अवस्थामा खाद्यान्न उत्पादनमा जनताको चासो नहुनु स्वाभाविकै हुन्छ । त्यसैले त वर्षेनि खेतीयोग्य जमिन बाँझो रहने प्रक्रिया बढ्दै गइरहेको हुन्छ । आर्थिक र शारीरिक लगानी अनुसारको उत्पादन नभएपछि खेतीपाती गर्न किसानले छोड्दैछन् । बरु तेस्रो मुलुकतिर हामफाल्नेको संख्या दिनहुँ बढ्दै गइरहेको छ । त्यसैले कृषिप्रधान देशले सम्पूर्ण खाद्यबालीको लागि विदेशीको मुख ताक्नु पर्ने अवस्था सिर्जना हुँदै गइरहेको छ । जसले गर्दा नेपालको अर्थ व्यवस्था धरासायी हुँदै गइरहेको छ । रेमिट्यान्सको भर पर्ने मुलुकको भविष्य राम्रो हुँदैन । त्यसैले कृषि उद्योगलाई समय अनुकूल पर्यावरणमैत्री बनाउँदै राज्यले लगानीदेखि खरिदसम्म र बिमाको व्यवस्था गरिदिनुपर्दछ । जतिसुकै भौतिक विकास भए पनि खान अर्थात जिउनको लागि कृषि खाद्यान्न नभई नहुने विषय हो । विषमुक्त खाद्यबाली खान पाउने जनताको नैसर्गिक अधिकारको सुनिश्चित राज्यले गर्नुपर्दछ । त्यसको निम्ति अर्गानिक खेतीतर्फ किसानहरुलाई कसरी आकर्षित गराउन सकिन्छ भनेर गम्भीर भई राज्यले आफ्नो नीति बनाउनुपर्दछ ।

हामी भन्ने गर्दछौं- निर्जीव वस्तुमा प्राण हुँदैन । त्यसैले बिरामी पनि हुँदैन र मर्न पनि मर्दैन । तर सजीव वस्तुमा प्राण हुन्छ, त्यसैले बिरामी पनि हुन्छ मर्न पनि मर्दछ । प्राकृतिक नियम अनुसार यो भनाइ एकदमै ठीक हो । तर हामी बुद्धिमान मानिने मानिसले प्रकृति बिरोधी गतिविधि यसरी बढाउँदै लगिरहेका छौं कि जसको कारण निर्जीव वस्तु पनि बिरामी हुँदै गइरहेका छन् । निर्जीव वस्तु बिरामी रोगी हुँदै जानु भनेको यो धर्ती मानिसको निम्ति अनुपयुक्त हुँदै गइरहेको पुष्टि हुन्छ । प्राणीको अस्तित्व पञ्चभूत तत्वबाट निर्मित हुन्छ भन्ने गरिन्छ । पञ्चभूत तत्वहावा, पानी, माटो, घाम र आकाश सबै निर्जीव हुन् तर दिनप्रतिदिन सबै बिमारी हुँदै गइरहेका छन् । पञ्चभूत तत्व नै बिरामी भएपछि मानिस कसरी स्वच्छ बन्न सक्ला ? त्यसैले अब गम्भीर बन्ने बेला भइसकेको छ । अन्यथा यो धर्तीबाट सृष्टिचक्र नै चाँडै समाप्त भएर जान सक्ने छ । पञ्चभूत तत्व मध्ये एउटा माटोको कुरा यो आलेखको विषय बनिरहेको छ । किनभने कृषिको लागि मूल तत्व नै माटो हो । मानिसको अज्ञानताले माटो बर्बाद बन्दै गइरहेको छ । लगानी अनुसार उत्पादन हुँदैन । किसान घाटामा पर्नुपर्ने बाध्यता छ । उत्पादित खाद्यबाली नै रोगी छ । रोगी मात्रै होइन मन्दविष नै उत्पादन भइरहेको छ । त्यसैले स्वच्छ र बढी उत्पादन कसरी गराउन सकिन्छ भनेर सबै सचेत र जागरुक हुन अत्यन्त आवश्यक भइसकेको छ ।

बढ्दो जनसंख्यालाई खाद्यवाली पुऱ्याउने उद्देश्यले रासायनिक मल कीटनाशक औषधि र हाइब्रिड बिउको सहारामा हरित क्रान्तिको अवधारणा ल्याइयो । जुन अवधारणाले माटोको उर्वराशक्ति क्षीण बनाउनुका साथै माटोलाई नै रोगी बनायो । यति मात्र होइन, वायुलाई समेत विषाक्त बनायो । हाइब्रिड बिउविजनले प्राकृतिक बिउबिजनलाई विस्थापित बनाउने मात्र होइन लोप नै गराई सक्न लाग्यो । जसले गर्दा भविष्यमा गम्भीर संकट निम्त्याउनेछ । रासायनिक मल र कीटनाशक औषधिले कृषिका मित्र जीव (अर्थात मांसाहारी किरा, फट्याङ्ग्रा, भ्यागुता, सर्प आदिको) नाश गर्दै गइरहेको छ । जसले गर्दा कृषि बालीका शत्रु जीव (शाकाहारी कीरा फट्याङ्ग्रा) को बृद्धि हुँदै गइरहेको छ । जसले गर्दा खाद्यबाली उत्पादनमा नराम्रो प्रभाव पर्न गई अनिकाल र भोकमरीको साम्राज्य छाउन पुग्नेछ । यसतर्फ नीति निर्माणकर्ताहरु मौन छन् । सरकारी कार्यालयमा जति बजेट छ त्यसको ५० प्रतिशतसम्म किसानसम्म पुग्ने हो भने पनि धेरै राम्रो हुने थियो । कागजमा त १०० प्रतिशत पुग्छ तर व्यवहारमा पुग्दैन । तालिम खुबै हुन्छन् तर कर्मचारी नै प्रशिक्षक बन्छन । त्यसैले कृषि तालिम जनताको निम्ति नभई कर्मचारीकै निम्ति बन्न पुग्छ । कृषि कार्यालयबाट सेवा पाउन कागजी प्रक्रिया धेरै अपनाउनुपर्दछ । जुन प्रक्रिया ढिलो र अप्ठेरो हुने भएकोले किसान कृषिसम्बन्धी परामर्श लिनै जाँदैनन् । कार्यालयका कर्मचारीले नोकरी खाए वापत १० देखि ५ बजेसम्म सेवा दिनुपर्दछ भन्ने भावना छैन । हरेक कामलाई पैसामा नाप्ने प्रवृत्ति छ । यस्तो प्रबृत्ति रहँदासम्म कृषि सम्बन्धी परामर्श लिनतिर किसानले चासो दिएको देखिदैन ।

जिल्ला कृषि कार्यालयको तथ्यांक अनुसार दाङ उपत्यकाको माटो एकदमै विरामी छ । यसो हुनुमा अन्धाधुन्ध रुपमा प्रयोग गरिएको रासायनिक मल र कीट्नाशक औषधि नै हो । अर्को कृषिबाली कसरी लगाउने कुन लगाउने चेतना पनि छैन । बिरामी माटोमा अन्धाधुन्धरुपमा रासायनिक मल प्रयोग गरिरहने हो भने माटोको मृत्यु नै हुन सक्छ । अर्थात कृषि जमिनलाई केही वर्ष गैरखाद्यवाली लगाउनुपर्ने वा बाँझो राख्नुपर्ने हुन्छ । तसर्थ दाङको सबै माटो जाँच गरेर त्यस अनुसार रासायनिक मल, गोठे मल, हरियो मल, गड्यौला मल राख्ने सल्लाह दिनु पर्दछ । यसको निम्ति मल दिने सहकारीले किसानसँग माटो जाँच गराएको प्रमाण पेश गर्नुपर्ने बाध्यता भयो भने किसानले माटो जाँच गराउने छन् र परामर्श लिनेछन् । यो सब निःशुल्क नै हुनुपर्दछ । झारा टार्ने व्यवहार कर्मचारीले गर्नुहुँदैन । कर्मचारीले किसानलाई कार्यालयमा आउन प्रोत्साहन गर्न सक्नुपर्दछ । यसको निम्ति किसानमैत्री व्यवहार कृषि कार्यालयले गर्नुपर्दछ । सोधेका कुराहरु झर्को नमानी भनिदिने मात्रै गरे पनि किसानहरु कार्यालयप्रति आकर्षित हुने थिए । त्यसैले माटोको जाँच र उपचार गर्नुपर्दछ भन्ने चेतनाको विकास गराउन सरकारी, गैरसरकारी संस्थाहरु अनि पत्रकारहरु लागिपर्नुपर्दछ । अन्यथा कृषि उत्पादन न्यून मात्रै होइन कृषि पेशा नै नहुने अवस्था चाँडै आउनेछ । जसले गर्दा नेपाल न कृषिप्रधान देश न त औद्योगिक देश बन्नेछ । बरु बन्नेछ युवाहरु बेच्ने मुलुक । यस्तो मुलुकको दिगो विकास कदापि हुन सक्दैन बरु कुनै दिन टाट पल्टिएको पत्तै हुनेछैन । जसले गर्दा मुलुक विघटन हुने निश्चित हुन जानेछ । त्यसैले सरकारले उत्पादित खाद्यबाली आफै खरिद गरी बिचौलियाको अन्त्य गराउनुपर्दछ । नेपाललाई कम्तिमा मासु, फलफूल र तरकारीमा आत्मनिर्भर घोषणा गरी विदेशी यी वस्तु आयातमा पूर्ण प्रतिबन्ध लगाएर जान सके पनि किसान आत्मनिर्भर हुँदै जानेछन् ।

# भ्रष्टाचारको भुवरीमा फसेको भारतको भविष्य

◆ **लोकनारायण सुबेदी**

वर्षौंदेखि चल्दै आएका सेल (फर्जी) कम्पनीहरु, तिनका माध्यमबाट लाखौं करोडौंको अवैध कारोबार भइरहेको कुरा उजागर भएको छ । अनि त्यस्ता कारोबारी गौतम अडानीको प्रत्यक्ष समर्थन, नियामक निकाय र छानबिन संयन्त्रहरुको मौनता जस्ता यावत कुराले वर्तमान भारत सरकार भ्रष्ट पूँजीपति र सरकारको साँठगाँठ कुन हदसम्म पुगेको रहेछ भन्ने प्रष्ट संकेत गरिरहेको छ भन्ने भारतीय विश्लेषकहरु औंल्याइरहेका छन् । अनि 'भिक्टिम कार्ड' खेलेर यो तथ्य आम जनता र विश्वका सामु ढाकछोप हुन र लुक्न सक्छ र भन्ने प्रश्न पनि उनीहरु उठाइरहेका छन् । अहिले जुन ३८ सेल कम्पनीहरु अडानीका सहयोगी रहेका छन् र लाखौं करोडौंको फर्जी कारोबार गरिरहेका छन् ती लुक्न सक्छन् र भन्ने कुरा पनि खुलस्त पारिरहेका छन् ।

यस सम्बन्धमा भारतमा के अनौठो कुरा पहिलो पटक प्रकाशमा आएको यथार्थ पनि औंल्याइँदैछ भने जब कुनै एक ब्यावसायिक समूहमाथि भ्रष्टाचारको आरोप लाग्छ तर त्यसको बचाउ ती व्यवसायी स्वयंले होइन सरकार गर्न अघि सर्दछ । जुन सरकारको जिम्मेवारी त्यस्ता घोटालाहरुको छानबिन गरेर के सुनिश्चित गर्ने हुनुपर्दथ्यो भने कुनै गडबडी भएको हो होइन ? तर सरकार त कुनै छानबिन नगरिकनै मुखैले घोटालाकारीहरुलाई 'क्लीन चिट' दिएर महाघोटालाको ढाकछोप गर्न दृढतापूर्बक लागिरहेको आरोप त्यहाँ लागेको छ ।

भारतका विश्लेषक अध्येताहरु भन्दछन् अडानी घोटालामा मोदी सरकारले जुन मनपरी र तानाशाहीपूर्ण तानाबाना बुनिरहेको र अख्तियार गरिरहेको छ त्यसले भारतीय लोकतन्त्रलाई बन्धक बनाउने कुरा पक्का छ । त्यस सम्बन्धी धेरैजसो कुरा त मानिसहरुलाई पहिलादेखि नै थाहा हुँदै आएको हो । एकजना उद्योगपति जसको विमानबाट प्रधानमन्त्री दिल्ली आउने गर्दछन् उसको सम्पत्ति आठ वर्षमा ४० हजार करोड रुपैयाँबाट बढेर १२ लाख करोड कसरी हुन पुग्यो यो कुनै रहस्यको कुरा होइन । आम जनताले पनि यो रहस्यलाई निकै राम्रैसँग जानेको उल्लेख गरिदैछ । यस महाघोटालासम्बन्धी पछिल्लो प्रतिवेदन आउनुभन्दा पहिला के कुरा सार्वजनिक चर्चाको केन्द्रमा रहेको थियो भने यो सरकार गौतम अडानीलाई फाइदा दिलाउनका निम्ति विद्यमान कानुनसम्म बदल्न तयार हुन्छ र बदल्छ । २०१७ मा 'द वायर' नामको वेभसाइटले एक प्रतिवेदनको माध्यमले के दाबी गरेको थियो भने केन्द्र सरकारले गोप्य तरिकाले 'स्पेसल इकोनोमिक जोन'सँग सम्बन्धित नियमहरुलाई बदलेर अडानी समूहरुको एउटा कम्पनीलाई पाँच सय करोड फाइदा दिलायो । त्यो वेव साइटबिरुद्ध मुद्दा दायर गरिए पनि त्यो प्रतिवेदन अहिलेसम इण्टरनेटमा मौजुद रहेकै छ । अदालतले पनि त्यस प्रतिवेदन (रिपोर्ट) का तथ्यहरुमा सत्यता भेटेको थियो ।

कुनै बेला कालोधनका बारेमा निकै कुरा उछाल्ने र चिच्याउने सत्ताधारी भारतीय जनता पार्टी आज कालो धनको प्रश्नमा एकदमै मौन किन छ प्रश्न खडा भएको छ । के भारतले यो जान्नुपर्दैन कि मरिसस, साइप्रस, युएइ र कालो धनको स्वर्ग भनिने गरेका यस्तै अरु देशहरुमा चलिरहेका ती ३८ फर्जी कम्पनी कसका हुन् ? के भारतलाई यो कुरा पनि जान्ने बुझ्ने हक छैन कि ती कम्पनीहरु आफ्ना १०० प्रतिशतसम्म पूँजी अडानी समूहमा किन झोकिरहेको छ ? के भारतलाई यो पनि जान्ने हक छैन कि ती कम्पनीहरुमा क-कसको लगानी (पैसा) लगाइएको छ ? अनि के भारतलाई यो कुरा पनि जान्ने हक छैन कि ती कम्पनीहरुको माध्यमबाट भारतीय अर्थब्यवस्थामा धकेलिदै गरेको लाखौं करोडको कालो धन कसको हो ? अनि के यो बित्तीय आतंकवाद भारतको राष्ट्रिय सुरक्षा र अर्थब्यवस्थासँग खेलवाड होइन र ? त्यहाँ यस्ता गम्भीर प्रश्नहरु उठाइँदैछन् ।

यतिबेला वास्तवमा भारतमा सबैभन्दा ठूलो प्रश्न के खडा भएको देखिदैछ भने त्यो घोटाला प्रकट हुने बित्तिकै भारतीय जनता पार्टी यसको बचाउ गर्न किन उत्रियो ? के भाजपा र यस घोटालाका बीचमा कुनै सम्बन्ध छैन ? यदि छैन भने त भ्रष्टाचारका आरोपहरुबाट घेरिएका पूँजीपतिलाई बचाउन भारतको मोदी सरकारले खुल्लमखुला किसिमले आधिकारिकरुपमा किन गरिरहेको छ ?

हुन त भारतमा यो घोटालालाई विदेशी षड्यन्त्र भनेर यसलाई भट्काउने वा अन्यत्र मोड्ने प्रयत्न भइरहेको पनि भारतका विश्लेषकहरुले औंल्याएका छन् र भनेका छन् कि भाजपाले 'भिक्टिम कार्ड' खेलिरहेको छ । उनीहरु प्रश्न गरिरहेका छन् के गौतम अडानी विदेशी हुन् ? उनका सूचीकृत सात कम्पनी विदेशी हुन् ? के भारतीय बजारको डुबिसकेको १०-१२ लाख करोड रुपैयाँ विदेशी हो ? के उनका कम्पनीहरुमा लगानी गरिरहेका भारतीय लगानीकर्ताहरु विदेशी हुन् ? के उनको समर्थन गरिरहेको भाजपा विदेशी हो ? के गौतम अडानीलाई बचाइरहेको भाजपाको सरकार विदेशी हो ? जब सबै कुरा देशमै भइरहेको छ भने यो विदेशी षड्यन्त्र के कसरी हो ? तथ्यपरक जवाफ चाहियो ।

अनौठो कुरा के छ भने यो घोटालाको रहस्यको उजागर हुँदै गएपछि भारतका सञ्चार माध्यमहरुमा स्वतन्त्ररुपले यसको कुनै छानबिन भएको छैन । भारतीय सञ्चार माध्यमहरुले आफ्नो विवेकले केही भन्नुको साटो मौन रहेर यही बताउने काम चुनेको देखिन्छ कि कसले के भन्यो ? सञ्चार माध्यम र सामाजिक सञ्जालहरुमा तिनै कुरा प्रमुखताका साथ चलाइँदै गरेको देखिन्छ जुन कुरा भारतीय जनता पार्टी भन्न चाहिरहेको छ र थप झूट भारतीय जनतालाई हो हो जस्तो लाग्ने गरी चलाउन र अल्मल्याउन चाहिरहेको छ । त्यस प्रकारको स्थितिले गर्दा के प्रश्न पनि उठाइँदैछ भने के अब भारतमा केवल एक विचार यत्तिका प्रभावशाली हुनेछ कि त्यसको आडमा राष्ट्रको खजाना पनि लुटिनेछ ? के अब भारतमा केवल भाजपाको कुरा मात्र मानिने छ ? चाहे त्यहाँ लाखौं करोडौंको भ्रष्टाचार हुने गरेको होस् ?

विश्लेषकहरु भन्छन् कि भारतका बिरुद्ध अनर्गल प्रचारप्रसार र भारतलाई अस्थिर तुल्याउने कुनै पनि बाह्य षड्यन्त्रलाई मुखभरीको जवाफ दिनै पर्दछ । यसमा कुनै दुईमत नै छैन कि पूराका पूरा देश एकजुट भएर यसको सामना गर्नैपर्छ । तर विदेशी षड्यन्त्रको बहानमा कुनै पनि लुटका लागि छूट दिन सकिदैन । तर भारतीय जनता पार्टीको सरकारले महाघोटालाको आरोपमा त्यसलाई ढाकछोप गर्न जे जस्तो किसिमको जोर जबर्जस्ती अपनाइरहेको छ त्यसलाई केलाइरहेका अर्थविद्हरु कति मात्र भन्न सकिन्छ भनिरहेका छन् भने भारतको अर्थवव्यवस्था, त्यहाँका संसाधनहरु तथा सम्पत्तिहरु अझ गम्भीर संकटमा धकेलिएका छन् । उनीहरु भन्दैछन् र जनतालाई सचेत तुल्याइरहेका छन् कि भारतीय जनताले यस कुराको यथार्थ वास्तविकता बुझ्नु अत्यन्तै जरुरी भइसकेको छ कि कस्तो किसिमले कथित देशभक्तिको आडमा देशका समग्र संसाधनहरुको लुटखसोट आज त्यहाँ चलिरहेको छ ।

# भारतीय माछाले नेपाली किसान मर्कामा

❑ यमलाल भुसाल



बुटवल, १४ फागुन । रुपन्देही सियारी गाउँपालिका छपियाका किसानको माछा व्यवसाय जोखिममा परेको छ । भारतीय माछा आयातमा नियन्त्रण नहुँदा नेपालमै माछा सुपर जोनका रुपमा सरकारले घोषणा गरेको यस क्षेत्रका किसान मर्कामा परेका हुन् । भारतीय गुणस्तरहीन माछाले व्यवसाय नै धरापमा परेको माछा किसानले गुनासो गरेका छन् ।

यहाँका हरेक किसानको एउटा भए पनि माछा पोखरी छ । यहाँ व्यावसायिकरुपमा माछापालन गर्ने किसान पनि थुप्रै छन् । माछा उत्पादन त भयो, बिक्रीका लागि बजारको समस्या छैन । तर भारतीय माछाका कारण नेपाली माछाको लागत अनुसारको मूल्य किसानले पाउन कठिन रहेको इन्जिनियरिङ पेशाबाट सेवानिबृत्त भएर सियारी-४ पसौनीमा सियारी मत्स्य तथा कृषि फर्म सञ्चालन गर्नु भएका नन्दलाल बञ्जाडेको भनाइ छ ।

भारतीय माछा नियन्त्रणमा पशु क्वारेन्टाइन, जिल्ला प्रशासन कार्यालय, प्रहरी र भन्सार कार्यालय गम्भीर हुने हो भने नेपाली माछा किसानको भविष्य सुन्दर हुने उहाँको भनाइ छ । माछा किसानहरुलाई माछा सुरक्षितरुपमा स्टोरेज गर्नका लागि आधुनिक प्रविधिका कोल्ड स्टोर मेशिनमा सरकारले अनुदान दिनुपर्ने बञ्जाडेको माग छ । करिव ६ करोडको लागतमा सियारी मत्स्य तथा कृषि फर्म सञ्चालन गर्नु भएका बञ्जाडेसँग अन्य तीनजना साझेदार पार्टनर पनि हुनुहुन्छ । उहाँले आठ विगाहा जग्गा लिजमा लिएर माछासँगै गाई भैंसी समेत पाल्नु भएको छ । नौ वटा पोखरीमध्ये चारवटामा नर्सरी र पाँचवटामा उत्पादन पोखरीका रुपमा सञ्चालन गर्नुभएका वन्जाडेले वार्षिक चार सय क्वीन्टल माछा उत्पादन र दुई सय लिटर प्रतिदिन दूध उत्पादन गर्नुहुन्छ । राज्यले माछापालनलाई उद्योगको रुपमा मानी विद्युतको शुल्क लिने गरेको छ । किसानलाई राहत दिन त्यस्तो शुल्क छुट दिन पनि उहाँको माग छ । राज्यले माछा सुपरजोन घोषणा गरे पनि सरकारी क्षेत्रबाट अझै पनि माछाका भुरा किसानको माग अनुसार दिन सकिरहेको छैन । किसानले ५० पैसादेखि तीन रुपैयाँसम्ममा निजी क्षेत्रका व्यापारीसँग भुरा किन्ने गरेका छन् । माछा किसानलाई स्थानीय तहले भने माछालाई दाना हाल्ने मेशिन खरिदमा ५० प्रतिशत अनुदान दिने गरेको छ । किसानको आवश्यकता र माग अनुसार अनुदान बढाउन समेत उहाँले माग गर्नुभयो ।

रुपन्देहीको सियारी क्षेत्रले नेपालमै माछामा नमूना क्षेत्र हुने सौभाग्य त पायो तर किसानको समस्याका रुपमा देखिएको भारतीय माछालाई नियन्त्रण गर्न सरोकारवाला निकाय जिम्मवार हुनु जरुरी देखिएको छ । यसो भएमा माछा किसानको उत्पादनले राम्रो बजार पाउने विश्वास गर्न सकिन्छ ।

## लिटल एन्जल स्कुलमा विदाइ

घोराही, १४ फागुन (युस)- लिटल एन्जल स्कुल घोराही-१८ मा कक्षा नौका विद्यार्थीले कक्षा १० का विद्यार्थीलाई विदाइ गरेका छन् । कक्षा नौका छात्रा सीमा बिकको अध्यक्षतामा भएको कार्यक्रममा कक्षा १० का विद्यार्थीले आफ्ना अनुभव सुनाएका थिए । सो अवसरमा विद्यालयका भाइस प्रिन्सिपल विमलकुमार रोका, विज्ञान शिक्षक कृष्ण बिसी, महिला शिक्षक सपना बस्नेत, कक्षा नौका छात्रा दिया श्रेष्ठ, कक्षा १० का छात्रा अनुश्का विसीलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो । कक्षा नौका शक्तिमान केसीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सञ्चालन छात्रा विमला चौधरीले गर्नुभएको थियो ।

## बसको ठक्करबाट पत्रकारको मृत्यु

बुटवल, १४ फागुन (युस)- बसको ठक्करबाट बुटवलमा एक पत्रकारको ज्यान गएको छ । बुटवलको मिलनचोक नजिकै भएको सडक दुर्घटनामा रुपन्देहीका पत्रकार मनोज हितंगाको ज्यान गएको हो ।

शनिबार राति करिव सवा ११ बजे बुटवलको मिलनचोकबाट अस्पताललाइनतर्फ गइरहेका हितंगा सवार लु ८ प ९०६८ नम्बरको मोटरसाइकललाई अस्पताल लाइनतर्फबाट मिलनचोकतर्फ आउँदै गरेको सुदूरपश्चिम प्रदेश ०७-०२-००१ ख १२२६ नम्बरको यात्रुवाहक बसले बसपार्क नजिकै ठक्कर दिदा दुर्घटना भएको थियो ।

दुर्घटनाबाट गम्भीर घाइते हितंगालाई स्थानीय र प्रहरीले उद्धार गरी उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल लगेकोमा उपचारकै क्रममा निधन भएको प्रहरीले बताएको छ । लामो समयदेखि टेलिभिजन क्यामेरापर्सनको रुपमा कार्यरत हितंगा पछिल्लो समय एनएनटिभीको लुम्बिनी प्रदेश कार्यालयमा सम्वाददाताको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

# प्रदर्शनीमा नि:शुल्क स्वास्थ्य उपचार

युगबोध समाचारदाता

घोराही, १४ फागुन । नेपाल घरेलु तथा साना उद्योग महासंघ दाङको आयोजनामा घोराहीमा जारी 'लुम्बिनी प्रदेशस्तरीय साना तथा घरेलु उद्योग, पर्यटन तथा कृषि प्रदर्शनी-२०७९' मा नि:शुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ । प्रदर्शनीको स्वास्थ्य स्टलबाट नि:शुल्क स्वास्थ्य उपचार प्रदान गरिएको छ । स्टल नम्बर २ मा बि.एस. डाइग्नोष्टिक एण्ड पोलिक्लिनिक प्रालि र जय माता दि सेनेटरी उद्योग प्रालिको स्टलबाट नियमित स्वास्थ्य उपचार प्रदान गरिएको आयोजक मूल समितिले जानकारी दिएको छ ।

प्रदर्शनीमा नि:शुल्क सेनेटरी प्याड, मास्क वितरण गरिएको छ भने नि:शुल्क प्रेसर, सुगर जाँच गरिन्छ । साथै औषधिहरु पनि नि:शुल्करुपमा प्रदान भइरहेको आयोजक मूल समितिका संयोजक प्रदीप मजगैयाँले जानकारी दिनुभयो ।

'साना तथा घरेलु उद्योगको विकास र विस्तार, लुम्बिनी प्रदेशको समृद्धिको आधार, स्थानीय उत्पादन प्रयोग गरौं, देशलाई आत्मनिर्भर गराऔं' भन्ने मूल नाराका साथ आयोजना गरिएको प्रदर्शनीको स्टलमा एमबिबिएस एमडी इन्टरनेशनल मेडिसिन कन्सल्टेन्ट फिजिसियन डा. प्रकाश सुवेदीबाट नियमित जाँच भइरहेको पनि उहाँले जानकारी दिनुभयो । हालसम्म १० हजार बढी मास्क, एक हजार बढी सेनेटरी प्याड नि:शुल्क वितरण गरिएको र एक सय ६१ जनाको नि:शुल्क रगत जाँच गरिएको डा. सुवेदीले जानकारी दिनुभयो । यस्तै चार सयबढी विरामीहरुको स्वास्थ्य स्टलबाट जाँच गर्नुका साथै ४० जना बढीको ट्रेसिङ गरिएको उहाँले बताउनुभयो ।

स्वास्थ्य जाँचपश्चात आवश्यकता अनुसार आयोजकसँगको सहकार्यमा बि.एस डाइग्नोष्टिक एण्ड पोलिक्लिनिक प्रालिमा नि:शुल्क उपचार गरिने मजगैयाँले जानकारी दिनुभयो ।

प्रदर्शनीमा आइतबार कलाकारहरु रीता केसी, कृष क्षेत्री, प्रकाश सोनी, अवन्तिका सुनारलगायतका कलाकारहरुले आफ्नो प्रस्तुति राख्नुभएको थियो । यस्तै प्रदर्शनीमा सोमबार नेपाली सांगीतिक क्षेत्रका चर्चित गायक प्रकाश सपुतको प्रस्तुति रहने भएको छ । १३ औं दिन सोमबार नेपाली सांगीतिक क्षेत्रका बहुप्रतिभाशाली गायक प्रकाश सपुतको प्रस्तुति रहने आयोजक मूल समितिले जानकारी दिएको छ ।

सपुतको गलबन्दी च्यातियो तिमले तानेर, तिम्रो मायाले मलाई पिर दियो, कुरा बुझ्नुपर्छ, बोल माया एक बचन बोल, फुटेको चुराले लगायतका गीतहरु चर्चित छन् । सपुतसँगै कलाकारहरु, जे.बी. वली, विजय परियार, गोमा रिजाललगायतका कलाकाहरुको प्रस्तुति रहने आयोजक मूल समितिले जानकारी दिएको छ ।

# १७ जनाले सिके मोबाइल बनाउने सीप

घोराही, १४ फागुन (युस)- मोबाइल तथा इलेक्ट्रोनिक्स व्यवसायी संघ घोराहीले १७ जनालाई मोबाइल बनाउने तालिम दिएको छ । घोराही-१५ को सहयोगमा ६० दिनसम्म तालिम चलेको थियो । उहाँहरुलाई मोबाइल व्यवसायी केशव भुसाल र चन्द्रप्रकाश विश्वकर्माले प्रशिक्षकको रुपमा सहजीकरण गर्नुभएको थियो ।

संघका अध्यक्ष शालिकराम खनालको अध्यक्षता एवं घोराही-१५ का अध्यक्ष रमेशकुमार पाण्डेयको प्रमुख आतिथ्यतामा तालिम समापन गरिएको छ । लगनशीलताका साथ नियमित सिकेका हुनाले व्यावसायिक बन्ने देखेको पाण्डेयले बताउनुभयो । उहाँका अनुसार आत्मनिर्भर बनेपछि लगानीको प्रतिफल आउनेछ । अरु तालिममा भन्दा यसमा सिक्नेले बढी चासो देखाएका छन् ।

केही तालिममा नाम लेखाएका व्यक्ति पनि सिक्न नआउने चलन थियो । यसमा भने आएकाले जतिलेध्यानले सिकेको प्रशिक्षकहरुले बताए । काम गर्दै र थप व्यवहारिक विकास गर्दै व्यावसायिक बन्न सुझाव दिए । उहाँहरुले काम गर्दा समस्या खडा भए जुनसुकै बेला पनि सम्पर्क गर्न सुझाव दिदै आफूहरुले पूर्ण सहयोग गर्ने बाचा गर्नुभएको थियो । संघका उपाध्यक्ष शेषनारायण शर्माले स्वागत गर्नुभएको कार्यक्रमको सहजीकरण सचिव शरद केसीले गर्नुभएको थियो ।

# राप्तीमा प्राकृतिक जीवनशैली र उद्यमशीलता अभिमुखीकरण

युगबोध समाचारदाता

देउखुरी, १४ फागुन । राप्ती गाउँपालिकाको आयोजनामा आइतबारदेखि वडा नं. २ मा रहेको पशु वृद्धाश्रम परिसरको महिला भवन लालमटियामा स्वस्थ जीवनका लागि प्राकृतिक जीवनशैली पञ्चगव्य र उद्यमशीलता सम्बन्धी दुईदिने अभिमुखीकरण कार्यक्रमा शुरु भएको छ ।

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टले वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा आर्थिक अवस्था कमजोर भएका युवाहरुलाई रोजगारीको अवसर प्रदान गर्ने उद्देश्यले पालिकाले गाईको गोबरबाट धुप बनाउने गौधुप उद्योग स्थापना गर्न लागेको बताउनुभयो । कार्यक्रमका प्रशिक्षक तथा गब्यशिद्ध डाक्टर नरेन्द्र हमालले स्वस्थ जीवन जिउनका लागि प्राकृतिक जीवनशैली र उद्यमशीलता सम्बन्धी प्रशिक्षण दिनुभएको थियो । सो अवसरमा पालिकाका प्रमुख प्रशासकीय अधिकृत नेबबहादुर ओलीले कार्यक्रमको औचित्य, आवश्यकता तथा महत्वका बारेमा सहभागीहरुलाई प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा वडाका जनप्रतिनिधि, विभिन्न सामुदायिक वन, टोल विकास संस्थाका प्रतिनिधिहरुलगायत एक सय भन्दाबढी स्थानीयवासीहरूको सहभागिता थियो । वडा नं. २ का अध्यक्ष पहलवान चौधरीको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमको सहजीकरण गाउँपालिकाका पशु सेवा शाखा अधिकृत दामोदर आचार्यले गर्नुभएको थियो ।

# ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र गठन

घोराही १४ फागुन (युस)- घोराही उपमहानगरपालिका वडा नं. ५ मा वडा स्तरीय ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र गठन भएको छ । वडा नं. ५ का अध्यक्ष विवेक बुढाथोकीको अध्यक्षतामा भएको वडास्तरका ज्येष्ठ नागरिकको भेलामा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको महत्व, पुस्ता हस्तान्तरण र समितिले आगामी दिनमा गर्ने कार्यका सम्बन्धमा घोराही उपमहानगरपालिकास्थित महिला बालबालिका तथा सामाजिक शाखामा सेवारत सहायक महिला निरीक्षक कल्पना योगी र दिवा सेवा केन्द्र १५ का सचिव पद्मप्रसाद शर्माले प्रकाश पार्नुभएको थियो ।

सोही भेलाले वडा नं. ५ को वडास्तरीय ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालक समिति सर्वसम्मत गठन गरेको छ । जसको संरक्षकमा वडाध्यक्ष विवेक बुढाथोकी, संयोजकमा खिमा सुनार, सहसंयोजकमा रुपलाल डाँगी, सचिव उमाभक्त के.सी, सहसचिव शोमप्रसाद न्यौपाने, सदस्यहरुमा पार्वती सुनार, उल्टी चौधरी, क्वाँरी बस्नेत, गजमती चौधरी, विक्रम पौडेल, ताराप्रसाद सार्की र दुर्गा डाँगीलाई चयन गरेको छ । यसैगरी समितिको सल्लाहकारमा वडा सचिव वलदेव बस्नेत, वडा सदस्यहरुमा भुमबहादुर गिरी, विष्णुप्रसाद विश्वकर्मा, साहना चौधरी र माया नेपाली रहनुभएको छ । वडा सदस्य भुमबहादुर गिरीको स्वागत मन्तव्यबाट शुरु भएको भेलाको सहजीकरण वडा सचिव वलदेव बस्नेतले गर्नुभएको थियो ।


## माईग्रेसन सर्टिफिकेट हराएको सूचना !

यही मिति २०७९ माघ १५ गते घोराहीबाट भालुवाङतर्फ आउँदै गर्दा मेरो निम्न विवरण भएको माईग्रेसन सर्टिफिकेट हराएकोले फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरी दिनहुन अनुरोध गर्दछु ।

नाम : अमित तिवारी
माईग्रेसन किसिम Isc Ag (2007) Ctevt सानोठिमी भक्तपुर
ठेगाना : राप्ती गा.पा.-१, भालुबाङ, दाङ सम्पर्क नं. : ९८४७८८१००३

## ब्लुबुक हराएको सूचना !

मेरो निम्न व्यहोराको मोटरसाइकलको ब्लुबुक मिति २०७९ फागुन ६ गतेका दिन घोराहीबाट नारायणपुरतर्फ जाँदै गर्दा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी दिनुहोला ।

नाम : सरोज के.सी. मो.सा. नं. : रा. ४ प. ८२२
ठेगाना : घोराही-१५ भरतपुर, दाङ सम्पर्क नं. : ९८०१०३८९९९

## शिवम् आरोग्य केन्द्र

डा. पि.एन. झाद्वारा सञ्चालित शिवम् आरोग्य केन्द्रमा अरु थप उत्कृष्ट सेवा सुविधाका साथ प्रत्येक दिन विरामी चेकजाँच भइरहेको जानकारी गराइन्छ।

डा. द्वारा दिइने सेवाहरू :
पुरुष : पुरुषको यौनसम्बन्धी सम्पूर्ण समस्याहरुको सफल उपचार, सिफलिस, गनोरिया, यौनांगबाट पिप बग्ने, पिसाब पोल्ने, यौन शक्तिमा कमी, शीघ्र स्खलन, धातु रोग, यौन चाहनामा कमी ।
महिला : महिलामा हुने सम्पूर्ण यौनजन्य समस्याको सफल उपचार, धातु रोग, पिसाब पोल्ने, संक्रमित यौनजन्य समस्या, घाउ, खटिरा, पानी बग्ने, महिनावारीमा समस्या, तल्लो पेट दुख्ने, ढाड दुख्ने आदि ।
छाला : छालासम्बन्धी सम्पूर्ण समस्याको सफल उपचार । डण्डिफोर, कालो चायाँपोतो, सेतोदुबी, एलर्जी, घाउ, खटिरा आदि ।
नि:सन्तानपन : महिला पुरुषमा हुने निसन्तानपन सम्बन्धी समस्याको सफल उपचार तथा परामर्श ।
अन्य रोगहरू : ग्याष्ट्रिक, अल्सर, पायल्स, फिसर, फिस्टुला, जण्डिस, तथा विभिन्न प्रकारका मानसिक समस्याको सफल उपचार ।

विरामी चेकजाँच गर्ने समय : विहान ७ बजेदेखि ५ बजेसम्म | सम्पर्क फोन नं. : ९८४११८०१९, ९८०६२५१७९० | फोनबाट पनि नाम दर्ता गर्न सकिन्छ ।

हाम्रा सेवाहरू : ● दक्ष तथा अनुभवी डाक्टरद्वारा प्रत्येक दिन विरामी चेकजाँच ● उत्कृष्ट प्याथोलोजी ल्याव ● फार्मेसी

सम्पर्क : शिवम् आरोग्य केन्द्र
घोराही, दाङ (घोराहीको तुलसीपुरचोक महरा पेट्रोल पम्पबाट भित्रजाने गल्लीमा)
नोट : शनिवार तथा विदाको दिन पनि क्लिनिक खुल्ला हुनेछ ।

कर्मचारी तुरुन्त आवश्यकता : Lab Assistant (महिला १ जना)



नेपाल सरकार

## मालपोत कार्यालय तुलसीपुर, दाङको सार्वजनिक सूचना !

जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं.३ बस्ने बेली टोमटाले निम्न लिखित जग्गाको मोठ श्रेस्ता मृतकका नाममा कायम गरी मेरा नाममा एकलौटी नामसारी गरीपाउँ भनी निवेदन दिनुभएकाले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग बमोजिम श्रेस्ताकायम गरी नामसारी गर्न नपर्ने कारण भए वा अरु कसैको नाममा समेत श्रेस्ताकायम हुनुपर्ने वा नामसारी हुनुपर्ने भए वा निवेदक बाहेक अरु हकवाला पनि भए कारण र प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कारण खुलाई वा अरु पनि हकवाला भए हकवालाले प्रमाण र आफ्नो जिकिरसहित निवेदन गर्न आउनुहोला । तोकिएको समयभित्र दावी विरोध गर्न नआए कानून बमोजिम भैजाने व्यहोरा सूचित गरिन्छ ।

### निवेदकले जग्गाको श्रेस्ताकायम/नामसारी गर्न माग गरेको जग्गाको विवरण

| गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|
| लाहुरेचौर | ५/घ | ९० | ०-०३-०३ | निमबहादुर टोमटा |

जिल्ला दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ बस्ने निमबहादुर टोमटाको मिति २०७४/०१/१३ गते मृत्यु भएको निमबहादुर टोमटा र निजको एक मात्र पत्नी बेली टोमटाबाट जन्मेका सन्तानहरुमा २ छोराहरु क्रमश: हेमराज वि.क.र बुद्धिराम वि.क.र १ छोरी कल्पनाको जन्म भई अनेत्र बिबाह भैसकेको, मृतक जग्गाधनीका अंशीयारहरुमा बेली टोमटा, हेमराज वि.क र बुद्धिराम वि.क मात्र भएको, मृतक जग्गाधनी जिवित र हँदासम्म निजको स्याहार सुसार, पालनपोषण, औषधि उपचार र मृत्यु पश्चात काजक्रिया दानपुन्यसमेत अंशियारहरुले गरेको निमबहादुर टोमटाका नाममा दर्ता भएको लाहुरेचौर ५/घ कि.नं. ९० ज.वि. ०-०३-०३ जग्गाको मोठ श्रेस्ता २०५८/०८/०८ गते मालपोत कार्यालय घोराहीमा आगलागी भई जलेर नष्ट भएको र उल्लेखित जग्गा हालसम्म कही कसैलाई बेचबिखन वा कुनै किसिमको लिखित तथा हक हस्तान्तरण नगरी हालसम्म निवेदकले नै जोतभोग गरिरहेको, उल्लेखित जग्गा मृतक निमबहादुर टोमटाका नाममा श्रेस्ताकायम गरी मेरा नाममा एकलौटी नामसारी गरीपाउँ भनी सम्बन्धित स्थानीय तहको किटानी सिफारीस सर्जमिनसहित बेली टोमटाले माग निवेदन गरेकाले निवेदकको माग बमोजिम हुनुपर्ने हो वा होइन साथै अरु कोही हकदार भए यो हकदावीसम्बन्धी सार्वजनिक सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र प्रमाणसहित हकदावी गर्न आउनुहोला । म्यादभित्र दावी विरोध नआए कानुन बमोजिम भैजाने व्यहोरा जानकारी गराइन्छ ।

## घोराही उपमहानगरपालिका कार्यालय दाङको नक्सा पाससम्वन्धी सूचना !

रुकुम जिल्ला पुठा उत्तरगंगा गा.पा. वडा नं. १४ बस्ने लजिम बुढाले रुकुम जिल्ला पुठा उत्तरगंगा गा.पा. वडा नं. १४ बस्ने अदमाया रोका बुढाको नाममा दर्ता श्रेस्ता भएको साविक दाङ घोराही ७ ख (हाल घोराही उपमहानगरपालिका वडा नं. १४) कि.नं. १०८० ज.वि. १८० ब.मि. जग्गामा घर निर्माण गर्नको लागि घरको नक्सापास गरी पाउँ भनी मिति २०७९।१०।१५ मा नक्सासहित निवेदन पेश गर्नुभएको छ । सो अनुसार घरको नक्सापास इजाजत उपलब्ध गराउन आवश्यक प्रक्रिया पूरा गरी मिति २०७९।११।१२ गतेका दिन स्थलगत सरजमिन गर्दा दक्षिणतर्फका सधियार स्मृति पुन अनुपस्थित हुनुभएकोले नक्सापास कार्य रोकिन गएको छ । यदि कोही कसैको दाबी विरोध भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुत प्रमाणसहित यस कार्यालयमा लिखित निवेदन दिनुहोला ।अन्यथा नियमानुसार निजका नाममा घर नक्सापास भइ जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## सुवर्ण अवसर ! सुवर्ण अवसर !!
## जापान- वर्किङ भिषा !

के तपाईँ जापान वर्किङ भिषामा जान चाहनुहुन्छ ? जान चाहनुहुन्छ भने आउनुहोस्, अब तपाईँको चाहना हामी पूरा गरी दिन्छौं । जापान वर्किङ भिषाका लागि दाङमै पहिलो पटक विशेष गरी TITP (Technical Intern Training Programme) & SSW (Specified Skilled Working Programme) को लागि Free Language Classes हरु धमाधम यही फागुन २८ गतेबाट सञ्चालन हुन गइरहेको सम्पूर्णमा सहर्ष जानकारी गराउँदछौं । यो अवसर विशेष गरी केही समय अवधिका लागि र Limited सिट मात्र भएको हुनाले इच्छुक व्यक्तिहरुले तुरुन्त हामीलाई सम्पर्क गरी आफ्नो स्थान सुरक्षित राख्नुहोला, धन्यवाद !

हाम्रा विशेषताहरू:
* Japanese Language Class.
* TITP: Technical Intern Training Programme. (Qualification not needed)
* SSW: Specified skilled working Programme. (Qualification not needed)
* Bachelor Pass can apply Direct working.
* Student Counseling.

हाम्रो कन्सल्टेन्सी नै किन
* Free Language Class.
* N5/N4 Books Free.
* Skilled Books Free.
* No Monthly Fee.
* Whole Course Free.

We together for your carrer in Japan
मात्र Admission Fee Rs. ७,६५०।- मा सम्पूर्ण सुविधाहरु लिनुहोस् ।

(DEMAND, DEMAND, DEMAND)
JAPAN AIRCRAFT GROUND HANDELING मा DEMAND आएको हुनाले यदि हजुर JFT (Basic Pass) or JLPT (N4, N3, N2 Pass) हुनुहुन्छ भने यही फागुन २१ गतेभित्र हामीलाई तुरुन्त सम्पर्क गर्नुहोस् ।

DIXMI NIPPON EDUCATION CONSULTANCY CENTER
Ghorahi-14 Naya Bazar, Dang Contact No.: 082-590354, 9748724190


## आजको राशीफल




२०७९।११।१५ गते सोमबार
तिथि: फाल्गुन शुक्ल अष्टमी, नक्षेत्र: कृतिका


लक्ष्मीधारा ज्योतिष केन्द्र
ज्यो. पं. डा. भुवनेश्वर बञ्जाडे
सदस्य- नेपाल ज्योतिष परिषद्
मोबाइल : ९८४७८४१२५१
भारत ०९१-९१२५७६६७०७




**मेष** (चू,चे,चो,ला,ली,लू,ले,लो,अ): दिगो रुपमा लाभ हुने कामको सम्झौता गर्ने समय छ ।

**वृष** (ई,ऊ,ए,ओ,वा,वि,वू,वे,वो): विगतको सफलताले थप काम गर्ने हौसला बढाउन सक्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,ह): टाढाका आफन्तसँग सम्पर्क बढ्न सक्नेछ ।

**कर्कट** (ही,हू,हे,हो,डा,डी,डू,डे,डो): अवसरवादीहरुले तपाईंको कमजोरीको फाइदा उठाउन सक्नेछन् ।

**सिंह** (मा,मी,मू,मे,मो,टा,टी,टू,टे): सामाजिक कामले हौसला बढाउन सक्नेछ ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो): रोकिएका कार्य सम्पन्न एवं परिश्रमको राम्रो उपलब्धि हुन सक्नेछ ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तू,ते): महत्वपूर्ण समय सानातिना कार्यमा वित्न सक्नेछ ।

**वृश्चिक** (तो,ना,नी,नू,ने,नो,या,यी,यू): आम्दानी राम्रो रहला । प्रतिक्षित उपलब्धि प्राप्त हुन सक्नेछ ।

**धनु** (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे): संघर्ष र सफलता दुवै प्राप्त गर्न सकिनेछ ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खी,खू,खे,खो,गा,गी): बौद्धिक सफलता एवं सन्तान सुख उत्तम छ ।

**कुम्भ** (गू,गे,गो,स,सी,सु,से,सो,द): घरेलु कामकाजतर्फ प्रवृत्त हुन सकिनेछ ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,चा,ची): छोटो समयमा राम्रो उन्नति हुन सक्नेछ ।


## अफिसमा जागिर खुल्यो

अनुभव नचाहिने
योग्यता : S.E.E. पास
काम : व्यवसायिक व्यवस्थापन
तलब : 42500/– सम्म
लोकेशन : दाङ जिल्लाभरि
सम्पर्क नं.
9843523810, 9813380144
नोट : काम आवश्यक र इच्छुक व्यक्तिले मात्र सम्पर्क गर्नुहोला ।

## ट्याङ्करबाट पानी



३०० फिट गहिराइबाट बोरिङ गरिएको पानी, शुद्ध पानी पिउन, निर्माण कार्य गर्न, विवाह ब्रतबन्ध, घरायसी प्रयोजनको लागि आवश्यक परेमा ट्यांकरबाट सस्तो मूल्यमा उपलब्ध गराउने व्यवस्था छ ।

धौलु पानी प्रशोधन केन्द्र
घोराही, दाङ
सम्पर्क : ९८४७८२९१६६, ९८०१९७९२२८






# डिग्रे शाईकुमारी वचत तथा ऋण सहकारी संस्था लिमिटेड

मुसिकोट न.पा.- १ खलंगा रुकुम पश्चिम

## भाका नाघेको कर्जा चुक्ता गर्ने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति : २०७९ फागुन १५

यस सहकारी संस्था लि. को केन्द्रीय कार्यालय र सेवाकेन्द्र कार्यालयहरुमा तपसिल बमोजिमका व्यक्तिले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाका नाघी निम्न लेखिए अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले पटक-पटक लिखित पत्राचार साथै टेलिफोन सम्पर्कद्वारा ताकेता गर्दासम्म पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको सावाँ, व्याज, हर्जना तथा पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउन बाँकी सावाँ, व्याज तथा अन्य रकम समेत सम्बन्धित कार्यालयमा गएर चुक्ता गर्नुहुन सार्वजनिक सुचना प्रकाशित गरिएको छ । यो सार्वजनिक सूचना प्रकाशित गरिएको म्यादभित्र रकम दाखिला हुन नआएमा सहकारी ऐन, नियमावली तथा संस्थाको विनियम तथा नीति अनुसार कर्जा असुलीको लागि धितो लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

| क्र.स. | ऋणीको नाम | रुद्रबहादुर खत्री | फोटो | क्र.स. | ऋणीको नाम | नैनविर बुढा | फोटो |
|---|---|---|---|---|---|---|---|
| १ | ठेगाना | वाफिकोट गा.पा.-२ रुकुम पश्चिम |  | २ | ठेगाना | मुसिकोट न.पा.-३ रुकुम पश्चिम |  |
| | वावु/पति | दुत्तु खत्री | | | वावु/पति | गोरे बुढा | |
| | बाजे/ससुरा | सदु खत्री | | | बाजे/ससुरा | ससे बुढा | |
| | उद्देश्य | होटल व्यवसाय | | | उद्देश्य | कृषि | |
| | कर्जा नं. | ७१०००३५७ | | | कर्जा नं. | ७१००११५१ | |
| | बाँकी सावाँ रु. | २४३१९१ | | | बाँकी सावाँ रु. | २४०००० | |
| | व्याज तथा हर्जना रु. | ५५३९६ | | | व्याज तथा हर्जना रु. | ३९९३६१ | |
| क्र.स. | ऋणीको नाम | प्रेमाकुमारी शाह चन्द | फोटो | क्र.स. | ऋणीको नाम | दिपा दर्लामी कामी | फोटो |
| ३ | ठेगाना | मुसिकोट न.पा.-४ रुकुम पश्चिम |  | ४ | ठेगाना | त्रिवेनी गा.पा.-२ रुकुम पश्चिम |  |
| | वावु/पति | ज्ञानेन्द्र चन्द | | | वावु/पति | दुत्तु खत्री | |
| | बाजे/ससुरा | छविलाल चन्द | | | बाजे/ससुरा | सदु खत्री | |
| | उद्देश्य | कृषि | | | उद्देश्य | व्यापार | |
| | कर्जा नं. | ७१००३३५३ | | | कर्जा नं. | ७२०००९५५ | |
| | बाँकी सावाँ रु. | ९७९९७ | | | बाँकी सावाँ रु. | ३३०९५० | |
| | व्याज तथा हर्जना रु. | ७९०२५ | | | व्याज तथा हर्जना रु. | ३०४३१३ | |
| क्र.स. | ऋणीको नाम | देवी ओली पुन | फोटो | क्र.स. | ऋणीको नाम | यज्ञबहादुर कामी | फोटो |
| ५ | ठेगाना | मुसिकोट न.पा.-११ रुकुम पश्चिम |  | ६ | ठेगाना | त्रिवेनी गा.पा.-३ रुकुम पश्चिम |  |
| | वावु/पति | चुडामनी पुन | | | वावु/पति | जगविरे कामी | |
| | बाजे/ससुरा | नदिराम पुन | | | बाजे/ससुरा | झुपे कामी | |
| | उद्देश्य | कृषि | | | उद्देश्य | व्यापार | |
| | कर्जा नं. | ७१००३६६४ | | | कर्जा नं. | ७२०००२२१ | |
| | बाँकी सावाँ रु. | ६८७३८ | | | बाँकी सावाँ रु. | ४७९०८९ | |
| | व्याज तथा हर्जना रु. | ९७३४ | | | व्याज तथा हर्जना रु. | ४६६८८ | |
| क्र.स. | ऋणीको नाम | शेरे कामी | फोटो | क्र.स. | ऋणीको नाम | शान्तेबहादुर बिके | फोटो |
| ७ | ठेगाना | आठविसकोट न.पा.-७ रुकुम पश्चिम |  | ८ | ठेगाना | सिस्ने गा.पा.-५ रुकुम पूर्व |  |
| | वावु/पति | धर्मे कामी | | | वावु/पति | गोरे वुढा | |
| | बाजे/ससुरा | पौमले कामी | | | बाजे/ससुरा | ससे वुढा | |
| | उद्देश्य | व्यापार | | | उद्देश्य | कृषि | |
| | कर्जा नं. | ७२०००८३५ | | | कर्जा नं. | ७००००६४१ | |
| | बाँकी सावाँ रु. | ३४२०१५ | | | बाँकी सावाँ रु. | १८७६४४ | |
| | व्याज तथा हर्जना रु. | ८९४६२ | | | व्याज तथा हर्जना रु. | ८२२१८ | |
| क्र.स. | ऋणीको नाम | सुकमारी घर्ती मगर सेन | फोटो | | | | |
| ९ | ठेगाना | हुकाम-२ हाल मु.न.पा.-१ रुकुम प. |  | | | | |
| | वावु/पति | ज्ञान व सेन | | | | | |
| | बाजे/ससुरा | वरदान सेन | | | | | |
| | उद्देश्य | कृषि | | | | | |
| | कर्जा नं. | ७१००२७१८ | | | | | |
| | बाँकी सावाँ रु. | २४११३० | | | | | |
| | व्याज तथा हर्जना रु. | १८०६७२ | | | | | |